## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

गण्डकी गाउँपालिका बालक्लब गठन तथा सञ्चालन कार्यविधि २०७९

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः ३० मितिः २०७९/०९/०५

**भाग-२**

**गण्डकी गाउँपालिका**

गण्डकी गाउँपालिका क्षेत्रभित्र बालमैत्री शासन प्रवर्द्धनका लागि गण्डकी गाउँपालिका गाउँ कार्यपालिका द्धारा जारी गण्डकी गाउँपालिका बालक्लब गठन तथा सञ्चालन कार्यविधि २०७९

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

## भाग-२

# गण्डकी गाउँपालिका

### गण्डकी गाउँपालिकाको बाल क्लब गठन तथा सञ्चालन कार्यविधि,२०७९

गण्डकी गाउँपालिका क्षेत्रभित्र बालमैत्री शासन प्रवर्द्धनका लागि यस गाउँपालिकाका सबै आधारभूत तथा माध्यमिक विध्यालयमा गठन गरिने विध्यालय स्तरीय बाल क्लब र गाउँपालिका स्तरीयबाल क्लब गठन तथा सञ्चालनमा एकरुपता ल्याउने उद्धेश्यले स्थानीय सरकार सञ्चालन एन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गण्डकी गाउँपालिकाले यो कार्यविधि तर्जुमा गरी लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "गण्डकी गाउँपालिकाको बाल क्लब गठन तथा सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(२). यो कार्यविधि गण्डकी गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मितीदेखि गण्डकी गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "कार्यविधि" भन्नाले गण्डकी गाउँपालिकाको बाल क्लब गठन तथा सञ्चालन कार्यविधि, २०७९ लाई सम्झनुपर्छ ।

(ख) "पदाधिकारी" भन्नाले विध्यालय स्तरीय बाल क्लब तथा गाउँपालिका स्तरीय बाल क्लबको अध्यक्ष, उपाध्यक्ष, सचिवलाई सम्झनुपर्छ ।

(ग) "कार्यकारी सदस्य" भन्नाले विध्यालय स्तरीय तथा गाउँपालिका स्तरीय कार्यकारी समितीका सदस्यलाई सम्झनुपर्दछ ।

(घ) "साधारण सदस्य" भन्नाले विध्यालय स्तरीय बाल क्लबमा सूचिकृत सम्बन्धित विध्यालयभित्रका अठार वर्ष मुनिका सबै बालबालिकालाई सम्झनुपर्छ ।

(च) "गाउँपालिका" भन्नाले गण्डकी गाउँपालिका तथा मातहातका विध्यालय कार्यालय समेतलाई सम्झनुपर्छ ।

(छ) "क्लब" भन्नाले कार्यविधि बमोजिम गठन हुने विध्यालय स्तरीय बाल क्लब तथा आवश्यकताअनुसार गाउँपालिका स्तरीयबाल क्लब समेतलाई सम्झनुपर्दछ ।

(ज) "अध्यक्ष" भन्नाले कार्यविधि बमोजिम गठन हुने विध्यालय स्तरिय बाल क्लब तथा आवश्यकता अनुसार गाउँपालिका स्तरीय बाल क्लबको अध्यक्ष समेतलाई सम्झनुपर्छ ।

(झ) "कार्यकारी समिति" भन्नाले विध्यालय स्तरीय बाल क्लबको पदाधिकारी सहितको नौ सदस्यीय समिति तथा आवश्यकता अनुसार गाउँपालिका स्तरीय पदाधिकारी सहितको नौ सदस्यीय समिति समेतलाई सम्झनुपर्छ ।

३. **क्लब गठनका लागि सूचना प्रवाह गर्नुपर्नेः**

यो कार्यविधि लागु भएपछि पहिलो पटकका लागि गाउँपालिकाका सम्बन्धित आधारभूत तथा माध्यमिक विध्यालयहरुले कम्तीमा १५ दिन अगावै आफ्नो विध्यालयभित्र अठार वर्ष मुनिका बालबालिकाहरु मात्र सम्मिलित क्लब गठन गर्ने मिती, समय, स्थान तथा अन्य आवश्यक कुराहरु खुलाई स्थानिय सञ्चार माध्यम समेतबाट सूचना प्रवाहको व्यवस्था मिलाउनु पर्नेछ ।

४. **क्लब गठन गर्नुपर्ने :**

नियम ३ बमाजिम उल्लिखित मिती समय र स्थानमा पहिलो पटकका लागि क्लब गठन गर्न सम्बन्धित विध्यालयको विध्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक र सम्बन्धित विध्यालयको कम्तीमा एकजना महिला विध्यालय व्यवस्थापन समिति सदस्यको अनिवार्य उपस्थितिमा उपस्थित बालबालिकाहरुको भेलाबाट सकेसम्म पुरुष तथा महिलाको समान प्रतिनिधित्व हुने गरी सकभर चेपाङ जातीलाई विशेष प्राथिमकतामा राखी समावेशीता समेतलाई सम्बोधन गर्दै सर्वसम्मत हुने गरी ९ सदस्यीय क्लबको पदाधिकारी सहितको कार्यकारी समिति गठन गर्नु पर्नेछ ।

५. **क्लब दर्ता तथा नवीकरण :**

कार्यविधिको नियम ४ बमोजिम गठन हुने प्रत्येक क्लबको दर्ता तथा नविकरण अनुसूचि १ बमोजिमको ढाँचामा सम्बन्धित विध्यालयले वडा वा गाउँपालिकामा गर्नु पर्दछ।

६ **क्लबको आर्थिक गतिविधि सञ्चालन :** क्लबको आर्थिक गतिविधि सञ्चालन सम्बन्धित विध्यालयका प्रधानाध्यापक तथा बाल क्लबका अध्यक्षको सयुक्त दस्तखतमा हुनेछ ।

७. **वार्षिक साधारण सभा र नेतृत्व चयन :**

१) सम्बन्धित विध्यालयसँग समन्वय गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितीले ३५ दिनभित्र कम्तिमा ७ दिन अगावै प्रत्येक क्लबको अध्यक्षले वार्षिक साधारण सभा बोलाउनु पर्नेछ ।

२) उपनियम (१) बमोजिम वार्षिक सभा नबोलाइएको अवस्थामा सम्बन्धित विध्यालयका प्रधानाध्यापकले ७ दिनभित्र सम्बन्धित क्लबको वार्षिक साधारण सभा बोलाई दिनुपर्नेछ ।

३) वार्षिक साधारण सभाको गणपुरक संख्या कुल सदस्य संख्याको ५१ प्रतिशत हुनेछ ।

४) वार्षिक साधारण सभाको अध्यक्षता क्लबको अध्यक्षले गर्नेछ । र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । क्लबको अध्यक्ष र उपाध्यक्ष दुवै अनुपस्थित भएमा उपस्थित बहुमत सदस्यहरुले छानेको सदस्यले वार्षिक साधारण सभाको अध्यक्षता गर्नेछ ।

५) वार्षिक साधारण सभाले प्रत्येक आर्थिक वर्षका लागि पदाधिकारी नेतृत्व चयन गर्नेछ र यसरी नेतृत्व चयन गर्दा विगत दुई आर्थिक वर्ष क्लबमा बसेको व्यक्ति पुनः पदाधिकारीमा दोहोरिन पाउने छैन

**८) अभिलेख राखी दिनु पर्ने :**

प्रत्येक क्लबले आफ्नो काम कारबाही व्यवस्थित र पारदर्शी गर्नका लागि तयार गरेका देहाय बमोजिमका अभिलेखहरु सम्बन्धित विध्यालयका प्रधानाध्यापकले अद्यावधिक राखि दिनुपर्नेछ :-

(क) सदस्य दर्ता अभिलेख,

(ख) साधारण सभा र कायकारी समितिसँग सम्बन्धित सम्पूर्ण अभिलेख,

ग) गाउँपालिकाले तोकेको अन्य आवश्यक कुराहरु ।

**९) क्लबको सदस्यता प्राप्ति र निलम्बन :**

१) क्लबको कार्य क्षेत्रभित्रका प्रत्येक घरघुरीका १८ वर्ष मुनिका बालबालिकाले क्लबको सदस्यता लिन चाहेमा सम्बन्धित क्लबका सचिव मार्फत कार्यकारी समिति समक्ष सदस्यता प्राप्तिका लागि आवेदन दिनुपर्नेछ र क्लबको कार्यकारी समितिले आफ्नो कार्य क्षेत्रभित्रको बालबालिका भए नभएको यकीन गरी कार्य क्षेत्रभित्रको भए साधारण सदस्यमा सूचिकृत गनुपर्नेछ ।

२) कायविधि विपरीत कार्य गर्ने क्लबको कुनै पनि सदस्यलाई क्लबको बहुमत सदस्यले निर्णय गरबढीमा छ महिनासम्मका लागि सदस्य पदबाट निलम्बन गर्न सक्नेछ ।

**१०) क्लबको काम, कर्तव्य र अधिकार** : यस कार्यविधिको अन्यत्र नियममा उल्लख गरिएका काम, कर्तव्य र अधिकारका अलावा प्रत्येक क्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) क्लबमा आबद्ध सदस्य सहित १६ वर्ष मुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका हाजिरी जवाफ वक्तृत्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि आदि सञ्चालन गर्ने ।

(ख) विद्यालय भर्ना हुने उमेर समूहका बालबालिकाहरु विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्बन्धित विध्यालयसँग समन्वय गरी विद्यालय भर्ना गर्ने व्यवस्था मिलाउने ।

(ग) गाउँपालिका तथा आफ्नो विध्यालयभित्रका टोल विकास सँस्थाहरुले सञ्चालन गर्ने जनचेतना मूलक कार्यमा सक्रिय सहभागिता जनाउने ।

(घ) बालमैत्री शासन प्रवर्द्धनका लागि निर्धारित सूचकहरु कार्यान्वयनमा सदैव रही बालमैत्री गण्डकी गाउँपालिका निर्माण अभियानमा गाउँपालिकालाई निरन्तर सहयोग गर्ने ।

(ङ) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई, पूर्ण बालश्रम मुक्त, पूर्ण बालबिबाह मुक्त आदि अभियानमा गाउँपालिका तथा टोल विकास सँस्थाहरुलाई सहयोग गर्ने ।

(च) गण्डकी गाउँपालिकालाई मुलुकमै नमुना गाउँपालिकाको रुपमा स्थापना गर्ने तर्फ सदैव अग्रसर रहने ।

(छ) आफ्नो विध्यालयलाई शैक्षिक बन्द, हड्ताल निशेधित क्षेत्र तोक्ने. व्यवस्था मिलाउने

(ज) क्लबले आफूलाई प्राप्त जिम्मेवारी कार्यान्वयन गर्न कार्यकारी सदस्यको संयोजकत्वमा बढिमा ३ जना साधारण सदस्यहरु सम्मिलित उपसमितिहरु गठन गर्न सक्ने ।

(झ) गाउँपालिकाले तोकेका अन्य कार्यहरु गर्ने गराउने

**११) अध्यक्षको काम, कर्तव्य र अधिकार :** यस कार्यविधिको अन्यत्र नियममा उल्लेख गरिएको काम कर्तव्य र अधिकारको अलावा प्रेत्यक क्लबको अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) वार्षिक साधारण सभा बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(ख) वार्षिक साधारण सभा बैठकको कार्यसुचि तथा प्रस्ताव पेश गर्ने गराउने ।

(ग) गाउँसभा, गाउँपालिका एवं क्लबको साधारण सभा र कार्यकारी समितिको निर्णय कार्यान्वयन गर्ने गराउने सदैव तत्लीन रहने ।

(घ) क्लबका कामको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने

(ङ) क्लबको प्रतिनिधित्व एकल रुपमा गर्नुपर्ने भएमा सो कार्य गर्ने

(च) साधारण सभाले तोकेका अन्य काम गर्ने

१२) उपाध्यक्षको काम, कर्तत्य र अधिकार : प्रत्येक क्लबको उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) अध्यक्षको अनुपस्थितिमा निजको कार्यभार समाल्ने

(ख) क्लबका सदस्यहरुलाई तोकिएको काममा सहजीकरण र समन्वय गर्ने

(ग) साधारण सभाले तोकेका अन्य काम गर्ने

१३) सचिवको काम, कर्तव्य र अधिकार : प्रत्येक क्लबको सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) साधारण सभाको सचिवको रुपमा काम गर्ने

(ख)साधारण सभाको निर्णयको अभिलेख सम्बन्धित विध्यालय प्रधानाध्यापक लाई बुझाउने ।

(ग) अध्यक्षको निर्देशनमा साधारण सभाको बैठकको लागि पत्राचार गर्ने ।

(घ) साधारण सभाले तोकेका अन्य काम गर्ने ।

१५.साधारण सदस्यको काम, कर्तव्य र अधिकारः कार्यविधिको नियम ९ को उपनियम (१) बमोजिम क्लबमा आबद्ध साधारण सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) वार्षिक साधारण सभामा भाग लिई निर्णय प्रक्रियामा सक्रिय सहभागिता जनाउने ।

(ख) आफ्नो क्षेत्रभित्र संचालित कार्यक्रम कार्यान्वयनमा क्लबलाई रचनात्मक सल्लाह सुझाव सहित निरन्तर सहयोग गर्ने ।

(ग) साधारण सभाले तोकेका अन्य काम गर्ने ।

२) गाउँपालिका स्तरीय बाल क्लबको सल्लाहकार समितिमा गाउँकार्यपालिकाले तोकेको प्रमुख प्रशासकिय अधिकृत सहित बढीमा तिन जना सदस्य रहेको एक समिति रहनेछ ।

३) सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) क्लबले सम्पादन गरिरहेका क्रियाकलपहरुको बारेमा क्लबलाई सल्लाह, सुभाव र मार्गदर्शन गर्ने र सोको जानकारी गाउँपालिकालाई समेत गराउने ।

(ख) गाउँपालिकाले तोकेको अन्य काम गर्ने ।

१७. प्रतिवेदन र पुरस्कारः-

१) सम्बन्धित विध्यालयले आफ्नो विध्यालयको क्लबबाट सम्पादित क्रियाकलापहरुको प्रतिवेदन तोकिए बमोजिमको ढाँचामा चौमासिक रुपमा गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

२) उपनियम (१) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा गाउँपालिकाको प्रत्यक आर्थिक वर्षमा सबैभन्दा उत्कृष्ट र सिर्जनात्मक कार्य सम्पादन गर्ने एउटा क्लबलाई क्षमता बिस्तार तथा सुदृढीकरणका लागि कार्यपालिकाले निर्णय गरेबमोजिम पुरस्कृत गर्नेछ।

१८. गाउँपालिका स्तरीय बाल क्लबको गठन, काम, कर्तव्य र अधिकारः-

१) कार्यविधि बमोजिम प्रत्येक विध्यालयमा गठन हुने विध्यालय स्तरीय बाल क्लबहरुको कार्यकारी समितिबाट एक/एक जना पदाधिकारीको प्रतिनिधित्व रहने गरी एक जना अध्यक्ष, उपाध्यक्ष, एकजना सचिव, र अन्य २ जना कार्यकारी सदस्यसहित ५ सदस्यीय एक गाउँपालिका स्तरीय बाल क्लबको गठन गाउँ कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यको उपस्थितिमा हुनेछ । यसरी गठन हुने गाउँपालिका स्तरीय क्लबको दर्ता तथा नवीकरण अनुसूची २ बमोजिमको ढाँचामा गाउँकार्यपालिकाको कार्यलयमा गर्नुपर्नेछ।

२) दुई पटक गाउँपालिका स्तरीय बाल क्लबको अध्यक्ष भएको व्यक्ति पुनः अध्यक्ष पदमा नदोहोरिने गरी प्रत्येक दुई वर्ष उपनियम (१) मा उल्लेखित प्रक्रिया अवलम्बन गरी गाउँपालिका स्तरीय क्लबको पुर्नगठन गर्नु पर्नेछ ।

३) गाउँपालिका स्तरीय बाल क्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क)प्रत्येक विध्यालय स्तरीय क्लबमा आवद्ध सदस्यसहित सोह्र वर्षमुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका गाउँपालिका तरीय हाजिरी जवाफ, वक्तृत्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि आदि संचालन गर्ने ।

ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय भर्ना हुने उमेर समूहका बालबालिकाहरु विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्वन्धित विध्यालय कार्यालय एवं गाउँकार्यपालिकाको कार्यालयसँग आवश्यक समन्वय गरी विद्यालय भर्ना व्यवस्था मिलाउने ।

तथा प्रत्य

ग) गाउँपालिका तथा प्रत्येक विध्यालयभित्रका टोल विकास संस्थाहरुले संचालन गर्ने जनचेतानमूलक कार्यमा सक्रिय सहभागिता जनाउने ।

घ) बालमैत्री शासन प्रवर्द्धनका लागि निर्धारित सुचकहरु कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री गण्डकी गाउँपालिका निर्माण अभियानमा गाउँपालिकालाई निरन्तर सहयोग गर्ने ।

ङ) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई, पूर्ण बालश्रम मुक्त, पूर्ण बालबिबाह मुक्त आदि अभियानमा गाउँपालिका तथा टोल विकास संस्थाहरुलाई सहयोग गर्ने ।

च) गण्डकी गाउँपालिकालाई मुलूककै नमुना गाउँपालिकाको रुपमा स्थापना गर्न सदैव अग्रसर रहने ।

छ) गाउँपालिकालाई शैक्षिक बन्द हडताल निषेधित क्षेत्र तोक्ने व्यवस्था मिलाउने ।

ज) गाउँपालिकाले तोकेका अन्य कार्यहरु गर्ने गराउने ।

१९. क्लबको निलम्बन वा खारेजी :

(१) देहायका उल्लेखित कुनै पनि अवस्थामा सम्बन्धित विध्यालय व्यवस्थापन समितिले विध्यालय स्तरीयबाल क्लबलाई अर्को व्यवस्था नहुञ्जेल सम्मको लागि निलम्बन वा खारेजी गर्न सक्नेछ,,

(क) कार्यविधिमा उल्लिखित प्रावधान विपरीतको कार्य गरेको प्रमाणित भएमा,

(ख) गाउँपालिकाले दिएको निर्देशनको बारम्बार उल्लघंन गरेमा,

(२) उपनियम (१) बमोजिम कुनै पनि क्लबलाई निलम्वन वा खारेजी गर्नु अघि विध्यालय व्यवस्थापन समितीले उक्त क्लबलाईलाई ७ दिनको म्याद दिई सफाई पेश गर्ने मौका दिनेछ ।

(३) उपनियम (२) बमोजिमको समयावधिमा क्लबको चित्तबुझ्दो सफाई पेश गरेको विध्यालय व्यवस्थापन समितिलाई लागेमा विध्यालय व्यवस्थापन समितिले क्लबको निलम्वन वा खारेजी प्रक्रियालाई स्थगन गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिम कुनै पनि क्लबको खारेजी भएमा सम्बन्धित विध्यालयले कार्यविधिको दफा ४ बमोजिमको प्रक्रिया अवलम्बन गरी क्लबमा सूचिकृत सदस्यहरुको भेलाबाट पुनः क्लबको नयाँ क्लब गठन गर्नुपर्दछ ।

(५) गाउँपालिका स्तरीय बाल क्लबको खारेजीको हकमा उपनियम (१) को खण्ड (क), (ख) र (ग) मा उल्लिखित प्रावधान बमोजिम कार्य गरेको भनी कार्यपालिकालाई लागेमा उपनियम (२) र

(३) बमोजिमको प्रक्रिया कार्यपालिकाले अबलम्बन गरी क्लबको निलम्बन वा खारेजिको प्रक्रियाका बारेमा कार्यपालिकाले उपयुक्त निर्णय लिन सक्नेछ । तर, विध्यालय स्तरीयबाल क्लब उपनियम (१) बमोजिम निलम्बन वा खारेजी भएको अवस्थामा उक्त क्लबबाट गाउँपालिका स्तरीय बाल क्लबमा प्रतिनिधित्व गर्ने पदाधिकारीको पद रिक्त भएको मानिनेछ र उपनियम (४) बमोजिम सम्बन्धित क्लबले पूर्णता पाएपछि उक्त क्लबबाट गाउँपालिकास्तरीय बाल क्लबमा रिक्त भएको पद स्वत पूर्ति गर्नुपर्नेछ ।

२०. क्लब गठनमा लैगिंक समावेशिता कायम गर्नुपर्ने :

(१) यस कार्यविधि बमोजिम गठन गरिने विध्यालय स्तरीय बाल क्लब तथा गाउँपालिका स्तरीय बाल क्लबको कार्यकारी समितिमा सकभर महिला र पुरुषको बराबरी उपस्थितीमा हुने व्यवस्था मिलाउनु पर्नेछ भने अध्यक्ष र सचिव पदमा एक जना महिला र एकजना पुरुषको अनिवार्य सुनिश्चितता मिलाउनुपर्नेछ ।

अनुसूचि - १

(नियम ३ सँग सम्बन्धित )

गण्डकी गाउँपालिका

........नं. विध्यालय कार्यालय

भुम्लिचोक, गोरखा, गण्डकी प्रदेश, नेपाल ।

**बाल क्लब दर्ताको प्रमाण-पत्र**

दर्ता नं :-

गण्डकी गाउँपालिका क्षेत्रभित्र बालमैत्रि शासन प्रवर्द्धनका लागि "गण्डकी गाउँपालिकाको बाल क्लब गठन तथा सञ्चालन कार्यविधि, २०७९" नियम ३ बमोजिम गण्डकी गाउँपालिकाको विध्यालय . . को क्षेत्र भरी आफ्नो कार्यक्षेत्र रहने गरी देहाय बमोजिमको बाल क्लब दर्ता गरि यो प्रमाण- पत्र प्रदान गरिएको छ ।

(क) क्लबको नाम : विध्यालयस्तरीय बाल क्लब विध्यालय नं...

(ख) क्लब रहने ठेगाना : विध्यालय नं.... गण्डकी गोरखा, गण्डकी प्रदेश, नेपाल ।

द्रष्टव्य : कार्यविधिको नियम (५) बमोजिमको प्रत्येक वर्ष वार्षिक साधारण सभा गरी नियम (३) बमोजिम क्लबको नवीकरण गर्नु पर्दछ ।

क्लब दर्ता गर्ने अधिकारीको नाम, थर र दर्जाः

दस्तखतः

नाम, थर :

दर्जाः

विध्यालय नं.

| **क्र.सं** | **नविकरण वहाल रहने अवधि** | | **नवीकरण गर्ने विध्यालय नं को कार्यलयको छाप र हस्ताक्षर** |
|---|---|---|---|
| | **देखि** | **सम्म** | |
| | | | |

अनुसुचि - १

(नियम ३ सँग सम्बन्धित )

गण्डकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भुम्लिचोक, गोरखा, गण्डकी प्रदेश, नेपाल

**गाउँपालिका स्तरीय बाल क्लब दर्ताको प्रमाण-पत्र**

**दर्ता न :-**

गण्डकी गाउँपालिका क्षेत्रभित्र बालमैत्री शासन प्रवर्दनका लागि “गण्डकी गाउँपालिकाको बाल क्लब गठन तथा सञ्चालन कार्यविधि, २०७९” को नियम बमोजिम गाउँपालिका क्षेत्रभरि आफ्नो कार्यक्षेत्र रहने गरी देहाय बमोजिमको हुने गरी बाल क्लब दर्ता गरि यो प्रमाण- पत्र प्रदान गरिएको छ ।

(क) क्लबको नाम : गाउँपालिका स्तरीय बाल क्लब गण्डकी ।

(ख) क्लब रहने ठेगाना : गण्डकी गोरखा, गण्डकी प्रदेश, नेपाल ।

द्रष्टव्य : कार्यविधिको नियम (५) बमोजिमको प्रत्येक वर्ष बार्षिक साधारण सभा गरी नियम (३) बमोजिम क्लबको नविकरण गर्नुपर्दछ ।

क्लब दर्ता गर्ने अधिकारीको नाम, थर र दर्जाः

दस्तखतः

नाम, थर :

दर्जाः

कार्यालयः

नविकरण

| **क्र.सं** | **नविकरण वहाल रहने अवधि** | | **नवीकरण गर्ने गाउँपालिकाको कार्यलयको छाप र हस्ताक्षर** |
|---|---|---|---|
| | **देखि** | **सम्म** | |
| | | | |

**आज्ञाले,**

**रिजेश उपरकोटी**

**प्रमुख प्रशासकीय अधिकृत**